सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनदरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

# कृषि योग्य बाझो जग्गाको लगत संकलन सम्बन्धी सूचना

सुन्दरबजार नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका तथा प्रयोगमा नआएका कृषि योग्य जमिनको उपयोग मार्फत कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै कृषि व्यवसायबाट आयआर्जन र स्वरोजगारी सृजना गर्नको लागि सुन्दरबजार नगरपालिकाले बाँझो जग्गा उपयोग अनुदान कार्यविधि, २०८२ तयार गरी जग्गा भाडामा अनुदान, लागत साझेदारीमा गह्रा सुधार, सिँचाई पूर्वाधार निर्माण, प्राङ्गारिक मल , विउ विजन , यन्त्र उपकरण ,भकारो सुधार , वन्यजन्तुमा हुने क्षती नियन्त्रण सामाग्रीमा अनुदानको व्यवस्था गरेको हुँदा यस नगरपालिका भित्र विगत ३ वर्ष देखी बाझो रहेको कृषि योग्य जग्गा धनीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र बाँझो जग्गा उपयोग अनुदान कार्यविधि, २०८२ को अनूसुची (१) बमोजिमको फारम भरी देहायको कागजात सहित सम्बिन्धत वडा कार्यालय वा कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु :

क. अनूसुची (१) बमोजिमको फारम

ख. सम्बन्धित वडाको सिफारिस (विगत ३ वर्ष देखी बाझो रहेको कृषि योग्य जग्गा)

ग. लालपूर्जा प्रमाणपत्रको प्रतिलिपी

घ. तिरो तिरेको रसिद

सम्बत् २०८२ माघ २९

२०८२।१०।२९

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१
दफा ३ संग सम्बन्धित

# बाँझो भूमि तथ्याङ्क संकलन फारम

१. जग्गा धनीको नामथरः

२. जग्गाधनीको स्थायी ठेगानाः टोलः वडा नं. गाउ/नगरपालिकाः जिल्लाः प्रदेशः

३. हालको वसोवास रहेको ठेगानाः टोलः वडा नं. गाउ/नगरपालिकाः जिल्लाः प्रदेशः

४. जमीन बाझो हुनुको कारणः-

५. बाझो रहेको जग्गाको ठेगानाः क्षेत्रफलः-

६. बाँझो जमीनमा जग्गा धनी कृषि खेती सुरु गर्न इच्छुक छन्/छैनन् ?

७. यदि छन् भने कहिलेबाट खेती सुरु गर्ने योजना छ?

८. यदि छैनन् भने खेती नगर्नुको कारण के छ ?

९. जग्गा धनी अरुलाई कृषि उत्पादनका लागि आफ्नो बाँझो जमीन भाडा/लिजमा दिन तयार छन/छैनन्?

१०. सिँचाई सुविधा छ/छैन ?

११. सिँचाई कुलोको अवस्था कस्तो छ?

१२. बाँझो जमीनमा हुन सक्ने सम्भावित कृषि खेतीको नामः-

१३. बाझो जमीनबाट सम्भावित कृषि खेतीबाट हुने अनुमानित उत्पादनः-